संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

## प्रेस विज्ञप्ति - २०६५ असार १०

### सुरक्षापरिषद्को प्रस्तावले द्वन्द्वका क्रममा भएका यौनहिंसाका अपराधमा दण्डहीनताको अन्त्य गर्नुपर्ने महत्वमाथि जोड दिन्छ

असार ५ गते, संयुक्त राष्ट्रसङ्घीय सुरक्षापरिषद्ले द्वन्द्वको अवस्थामा यौनहिंसालाई अन्त्य गर्ने उद्देश्यले ल्याइएको प्रस्ताव १८२० लाई सर्वसम्मतिले पारित गऱ्यो । दशक लामो द्वन्द्वका क्रममा भएका यौनहिंसाको पूर्ण परिमाण तथा प्रभाव अझै थाहा हुन नसकेको र सरकार सङ्क्रमणकालीन न्याय संयन्त्रको खाका तयार पार्ने प्रक्रियामा रहेको नेपालका लागि यस प्रस्तावको महत्त्वपूर्ण अर्थ रहेको छ ।

प्रस्ताव १८२० ले सशस्त्र द्वन्द्वका सबै पक्षहरूलाई अन्य कुराका अतिरिक्त बलात्कार तथा अन्य यौनहिंसाको अपराधका लागि उपयुक्त सैन्य अनुशासनात्मक उपायको कार्यान्वयन गर्न र सशस्त्र तथा सुरक्षा फौजका सदस्यहरूलाई विगतका कुनै पनि उल्लङ्घनका लागि जाँच गर्न तथा सुधारिएको सुरक्षाफौजमा उनीहरूको सहभागिता वञ्चित गर्न माग गर्छ । सो प्रस्तावले द्वन्द्वसँग सम्बन्धित अपराधहरूमा आममाफीको कुनै पनि प्रावधानमा यौनहिंसाका अपराधलाई नपार्ने तथा यौनहिंसाका पीडितहरूले कानुनअन्तर्गत समान संरक्षण तथा न्यायमा समान पहुँच पाउने कुरा सुनिश्चित गर्नुपर्ने आवश्यकतामा पनि जोड दिन्छ । प्रस्ताव १८२० ले दिगो शान्ति, न्याय, सत्य तथा राष्ट्रिय मेलमिलापको खोजी गर्ने विस्तृत पद्धतिको एउटा अङ्गका रूपमा, त्यस्ता कार्यहरूका लागि दण्डहीनताको अन्त्य गर्नुपर्ने महत्त्वमा पनि जोड दिन्छ ।

नेपालमा द्वन्द्वका क्रममा भएका यौनहिंसाको पूर्ण परिमाण अज्ञात छ । यो हुनुको मुख्य कारण यी अपराधहरूबारे बोल्दा पीडितहरूले भोग्नुपर्ने कठिनाइ हो । यौनहिंसाका घटनाहरूको अनुसन्धान तथा प्रतिवेदन गर्ने क्रममा पीडितहरूका लागि उपलब्ध हुने सहायता (चिकित्सा, कानुनी तथा मनोसामाजिक)को अभाव र न्यायप्रतिको पहुँचको अभाव दुवै रहेको उच्चायुक्तको कार्यालय-नेपालले पाएको छ । राज्यअधिकारीहरू, विशेषगरी सुरक्षाफौजका कर्मचारीहरू मुछिएका घटनाहरूमा, प्रायः अनुसन्धान गर्न वा जाहेरी दरखास्त दायर गर्ने कुरालाई स्वीकार गर्न समेत अनिच्छुक हुन्छन् ।

यसकारण, प्रस्ताव १८२० ले सङ्क्रमणकालीन न्याय प्रदान गर्ने संयन्त्रहरूको खाका तयार पार्दा यौनहिंसाको मुद्दालाई समावेश गर्न नेपाल सरकारलाई समयमै स्मरण गराउँछ । कानुनी, नीतिगत तथा कार्यक्रमस्तरमा महिलाअधिकारलाई संरक्षण तथा प्रवर्द्धन गर्न र चिकित्सकीय, मनोसामाजिक तथा आर्थिक सहयोगका प्रावधानमार्फत् यौनहिंसा पीडितप्रतिको आफ्नो सहायतालाई वृद्धि गर्न उच्चायुक्तको कार्यालय-नेपाल सरकारलाई प्रोत्साहन गर्दछ । पीडितहरूलाई कलङ्कित गर्ने दृष्टिकोणमा समाजमा परिवर्तन ल्याउन थप प्रयासहरू पनि गरिनुपर्छ । पीडितका अधिकारको पालना गर्न तथा यौनहिंसाका पीडकहरूलाई सजाय दिन आफूले अरु बढी कार्य गर्न चाहेको भन्ने स्पष्ट सन्देश दिन उच्चायुक्तको कार्यालय-नेपाल सरकारलाई आग्रह गर्दछ ।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**